# तराई सिंचित कृषि प्रवर्द्धन प्राबिधिक सहायता परियोजना

## परियोजनाको लक्ष

संघ, प्रदेश, स्थानीय सरकार र जल उपभोक्ता संस्थाको सहकार्यमा सिंचित कृषि मोडेल तयार भएको हुनेछ ।

## सिंचित कृषि मोडेल के हो ?

**यो सिंचित कृषि मोडेलको लक्ष चार चरण समस्या समाधानमा आधारित सिंचाई योजनाको चक्र हो, यसले कृषकहरुलाई सिंचाई योजना संचालन / संभार गर्न चेतना र उत्प्रेरणा वृद्धि गर्दै कृषि आय बढाउनेछ ।**







## सिंचाई तथा कृषि दुवै क्रियाकलाप कृषकहरुको आय वृद्धि गर्न आबश्यक छ ।

- पानी वितरणमा सुधारले सिंचाई योग्य क्षेत्र र यसको उत्पादकत्व वृद्धिमा योगदान पुर्याउछ ।
- सिंचित क्षेत्रमा कृषकहरुले बजारमुखी कृषिबाट लाभ उठाउछन् र यसबाट कृषकहरु ब्यबसायको रुपमा खेती गर्दै क्षमता वृद्धि गर्न प्रोत्साहित हुनेछन ।
- यस क्रियाकलापबाट कृषकहरुले बढि आम्दानी प्राप्त गर्छन र आफु आत्मनिर्भर तथा उत्प्रेरित भएको महसुस गर्छन्।
- यी क्रियाकलापहरुले कृषकहरुलाई सिंचाई सेवा शुल्क भुक्तान गर्न सक्षम तुल्याउछ र यसको परिणाम स्वरूप जल उपभोक्ता संस्थालाई नियमित पानी वितरण तथा सिंचाई सुबिधाहरुको पुनर्स्थापना तथा सुधारका लागि कोष प्राप्त हुनेछ।

## मोडेल सिंचित कृषि स्थापना का मुख्य उद्धेश्यहरु

१.कन्काई सिंचाई प्रणालीमा सिंचित कृषि सम्बन्धि सवालहरु विश्लेषण तथा सरोकारवालाहरु बीच साझा गर्ने।

**यसै क्रममा बि स. २०७७ माघ (सन् २०२० फेब्रुअरी) मा कन्काई सिंचाई प्रणालीका सबै सरोकारवालाहरु द्वारा चार बर्षे कार्ययोजना तयार गरिएको थियो ।**



२.पानी वितरण योजनामा सुधार र प्रशाखास्तर सम्म यसको कार्यान्वयन, सिंचाई सुबिधाको उपयुक्त संचालन र मर्मत संभार र फिल्ड च्यानलहरुको निर्माण क्रियाकलापबाट समतामुलक र प्रभाबकारी रुपमा पानी वितरण प्रणाली स्थापना गर्ने ।

३.बजारमुखी कृषि अभ्यासको कार्यन्वयनबाट लक्षित प्रणालीका कृषकहरुको आय र प्राबिधिक क्षमता अभिवृद्धि गर्ने ।

४. कन्काई सिंचाई योजनाका सरोकारवालाहरुको समन्वयात्मक क्रियाकलापबाट सिंचित कृषि सुधारका लागि क्रियाकलाप कार्यन्वयन सहयोग प्रणाली ( Activity Execution Cooperation System)स्थापना गर्ने र तालिम तथा अन्य सम्बन्धित क्रियाकलापहरु र सहयोग प्रणालीबाट यो नतिजालाई तराई क्षेत्रका अन्य सिंचाई परियोजनाहरुमा विस्तार गर्ने ।

परियोजनाको सूचना : कन्काई सिंचाई ब्यबस्थापन कार्यालय ( http://www.kis.gov.np/ )
कन्काई नहर जल उपभोक्ता संस्था (https://www.facebook.com/kankaiwua )